# <u>प्रेश विज्ञप्ति</u>

## नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडले आफ्नो दोस्रो वार्षिक उत्सवको आवसरमा 'नेपाल स्नेही काख' नामक संस्थाको नयाँ आश्रय स्थलको पूर्वाधार निर्माणका लागि आर्थिक सहयोग गरी मनायो ।



नेपाल इन्फ्रास्ट्रक्चर बैंक लिमिटेडले विधिवत सेवा शुभारम्भको दोस्रो वर्ष पूरा गरी तेस्रो वर्षमा प्रवेश गरेको उपलक्ष्यमा **संस्थागत सामाजिक उत्तरदायीत्व** अन्तर्गत **नेपाल स्नेही काख** लाई **रु. तीन लाख** सहयोग गरी आफ्नो दोस्रो वार्षिक उत्सव मनायो । उक्त सहयोग रकम बराबरको चेक बैंकका प्रमुख कार्यकारी अधिकृत **श्री रामकृष्ण खतिवडाज्यु** ले नेपाल स्नेही काखका **श्रीनेहा पोखरेल** लाई हस्तान्तरण गर्नुभयो ।
उक्त आवसर मा बैंकका नायब कार्यकारी अधिकृत भूपेन्द्र पाण्डे, नायब महाप्रबन्धक सूर्य बहादुर तामाङ लगायतको उपस्थिति रहेको थियो ।

मानसिक एवं शारिरिक रुपमा असक्त एवं समाजबाट अवहेलानामा परेका बालबालिका, युवा युवती, बृद्धबृद्धा लगायतलाई शिक्षा, स्वास्थ्य, आवास सहित हेरचाह गर्ने उद्देश्य लिई स्थापना भएको **नेपाल स्नेही काख**मा हाल **६५ जनाले** आश्रय लिईराख्नु भएको छ । बैंकले प्रदान गरेको यो रकम उक्त संस्थाले बनाउन लागेको नयाँ **आश्रय स्थलको पूर्वाधार निर्माणमा खर्च** हुनेछ ।